# आमचोक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### बालंखा,भोजपुर

इमेल : ito.aamchowkmun@gmail.com
वेभ साइट : www. aamchowkmun .gov.np

१ नं. प्रदेश,नेपाल

**औषधि तथा सर्जिकल सामान खरीद सम्बन्धी सिलबन्दी दरभाउपत्र आब्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशन मितिः२०७६।०८।०९

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.ब.२०७६/०७७ को लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रबाट खरीदगर्नुपर्ने भएकोले इजाजतप्राप्त रजिष्टर्ड निर्माता,कम्पनी ,फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही रु १०।– को टिकट टाँसी सिलबन्दी दरभाउपत्र पेश गर्न हुन आब्हान गरिएको छ ।

| विवरण | लागत अनुमान अंक(भ्याट सहित) | धरौटी |
|---|---|---|
| औषधि तथा सर्जिकल सामान खरीद | १८००००० | लागत अनुमान अंकको २.५ प्रतिशत हुन आउने रकम |

आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,बालंखा, भोजपुरको शर्तहरु :

(१) यो सूचना नागरिक दैनिक पूर्वेली संस्करण पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन सम्ममा दरभाउ पत्र फारम यस कार्यालयको बाट रु १०००।–(फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिने छ ।

(२) दरभाउपत्र खरीद गर्दा आधिकारिक निबेदन साथ निम्न कागजातहरु संलग्न हुनु पर्ने छ ।

(क) औषधि ब्यबस्था विभागबाट प्राप्त इजाजतपत्रको प्रमाणित प्रतिलिपी ।(ख) मूल्य अभिबृद्वि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।(ग) आ.ब.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।(घ) प्रोपाईटर स्वयं उपस्थित हुन नसकेमा निजको आधिकारीक मञ्जुरीनामा ।

(३) खरीद गरिएको दरभाउपत्र २२ औ दिनको १२:०० बजे सम्ममा रु १०।– को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।

(४) रितपुर्वक पेश भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले २२ औ दिनको २:०० बजे दरभाउ पत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

(५) रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रउपर कुनै कारबाही गरिने छैन ।

(६) दरभाउपत्र खरीद गरिने अन्तिम दिन वा खोलिने दिन सार्बजनीक विदा पर्न गएमा उक्त कार्य सोकोभोलिपल्ट सोहि समयमा हुने छ ।

(७) दरभाउपत्र दाताले आफुले कबोल गरेको अङ्कको २.५ प्रतिशतले हुनआउने रकम शिद्धार्थ वैंक लि.बालंखास्थित आमचोक गाउपालिका कार्यालय, बालंखा भोजपुरको कार्यालय खाता नं.०२६१५१३६१७६ मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ४५ दिनको (दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अबधि भएको बैंक जमानतपत्र पेश गर्नु पर्ने छ । साथै दरभाउपत्रको मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुने छ ।

(८) दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्ने छ ।

(९) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमानिहित रहने छ ।

(१०) खरीद गरीने औषधि तथा सर्जिकल सामानको प्रयोग गर्ने अबधि गाउँपालिका स्टोरमा दाखिला हुँदा कम्तिमा अठार महिना बाँकि रहेको हुनु पर्ने छ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा८०%बाँकि रहेको हुनुपर्ने छ ।

(११) दरभाउपत्रदाताले आफुले दिनचाहेको औषधि तथा सर्जिकल सामानको उत्पादक कम्पनीको नाम रउत्पादन भएको देशको नाम प्रष्ट संग उल्लेख गर्नु पर्ने छ ।

(१२) दरभाउपत्रदाताले सप्लाई गर्ने औषधि WHO GMP को मान्यता प्राप्त कम्पनीको हुनु पर्ने छ वा ISO CERTIFIED हुनु पर्नेछ र WHO GMP Certificateपनि दरभाउपत्र फारम साथै अनिवार्य बुझाउनुपर्ने छ ।

(१३) दरभाउपत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयको आबश्यकताअनुसार थपघट गर्न सकिनेछ,थपघट भएतापनि दरभाउपत्रदाताले कबोल गरेको दररेटमा आ.व.२०७७ असाढ मसान्त सम्ममा थप बजेटको व्यवस्था भई आएमा सोही दररेटमा उपलब्ध गराउनु पर्नेछ, दररेट परिवर्तन गर्न पाइने छैन ।

(१४) दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र साथ आफुले सप्लाई गर्ने प्रत्येक औषधिको नमुना सिलबन्दी गरीछुट्टै पेश गर्नु पर्ने छ ।

(१५) दरभाउपत्रदाताले दरभाउपत्र फारम खरीद गर्दा यस कार्यालयको अधिकार प्राप्त आधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फारम खरीद गर्नु पर्ने छ र सोहि फारमको प्रत्येक पानामा दरभाउपत्र दाताले फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्ने छ ।

(१६) एउटा फर्म वा कम्पनीले खरीद गरेको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउनेछैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरीने छ ।

(१७) आफुले सप्लाई गर्ने प्रत्येक औषधि, औषधि ब्यबस्था विभागमा दर्ता भएको हुनु पर्नेछ । औषधिकोप्याकिङ बाहिर औषधिको जेनेरीक नाम, शक्ति, उत्पादन मिति, एक्सपायरी मिति, ब्याच नं उत्पादककम्पनीको नाम स्पष्ट संग उल्लेख भएको हुनु पर्ने छ । साथै औषधिको प्याकिङ बाहिर तथा प्रत्येक स्ट्रीपमा"नेपाल सरकारबाट निःशुल्क बितरणको लागी" वा "यो औषधि बिक्रीका लागी होईन" प्याकिङमाउल्लेख भएको हुनु पर्ने छ ।

(१८) सप्लाई हुने सवै झोल तथा पाउडर औषधीहरु प्लाष्टिक बोतलमा प्याक भएको हुनु पर्ने छ ।

(१९) दरभाउपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्नेछ ।

(२०) आफुले दाखिला गरेको दरभाउपत्र फिर्ता लिन चाहेमा अनिवार्य दरभाउपत्र दाता स्वयं वा निजको आधिकारीक प्रतिनिधि उपस्थित भई सक्कलै निबेदन पेश गर्नु पर्ने छ । Faxवा अन्य कुनै माध्यमबाट प्राप्तनिबेदन मान्य हुने छैन ।

(२१) खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको, कालो सुचीमा नपरेको भन्ने लिखित स्वः घोषणा पत्र सिलबन्दी दरभाउपत्र साथ पेशगर्नुपर्ने छ ।

(२२) यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजानिक खरीद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

यस दरभाउपत्र सम्बन्धि सुचना यस कार्यालयको Website www.aamchowkmun.gov.np मा हेर्न सकिनेछ।

थप जानकारीका लागि स्वास्थ्य शाखाको सम्पर्क नं.९८६२०४६७७७ मा बुझ्न सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत